नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख नियुक्तिका लागि दरखास्त आव्हान सम्बन्धी

सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३।२।२२

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १२ बमोजिम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख नियुक्तिका लागि देहाय अनुरूपको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित भएको मिति २०८३।०२।२२ देखि २०८३।०३।०१ गतेसम्म कार्यालय समयभित्र गृह मन्त्रालयको निजामती कर्मचारी प्रशासन शाखा, सिंहदरबार वा bipadsamiti.moha@gmail.com इमेलमा आइपुग्ने गरी रीतपूर्वकको दरखास्त आव्हान गरिन्छ। उम्मेदवारले दरखास्त साथ दरखास्त दस्तुर वापत रु. ५,०००।- (रुपैयाँ पाँच हजार) राष्ट्रिय वाणिज्य बैंक, सिंहदरबार, काठमाण्डौमा रहेको राजश्व खाता नं. १०००१००२०००१०००० राजस्व सङ्केत नं. १४२२९ र कार्यालय कोड ३१४००३५०१ (गृह मन्त्रालय) मा जम्मा गरेको सक्कल भौचर वा विद्युतीय भुक्तानी गरेको प्रमाण पेश गरेको हुनुपर्ने छ। उम्मेदवारले दरखास्त बुझाउँदा प्राधिकरणको उद्देश्य प्रभावकारी ढंगले परिपूर्ति गर्न सक्ने तथा प्राधिकरण सञ्चालनमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने सम्बन्धी नेपाली अथवा अंग्रेजी भाषामा A4 साइजको कागजमा एकतर्फ मात्र टाइप गरिएको बढीमा दुई हजार शब्द भएको सोचपत्र (Vision Statement) र बढीमा पाँच हजार शब्द भएको पाँच वर्षे व्यावसायिक कार्ययोजना (Five-Year Business Plan) लाई खामभित्र राखी खामको बाहिरपट्टि "कार्यकारी प्रमुखको पदको सोचपत्र र पाँच वर्षे व्यावसायिक कार्ययोजना" लेखी सिलबन्दी गरी पेश गरेको हुनुपर्ने छ। उम्मेदवारले पेश गर्नुपर्ने दरखास्त फाराम गृह मन्त्रालयको निजामती कर्मचारी प्रशासन शाखा, सिंहदरवारबाट कार्यालय समयमा निःशुल्क प्राप्त गर्न वा गृह मन्त्रालयको वेबसाइट www.moha.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

**पुनश्चः** कृत्रिम बौद्धिकताको प्रयोग वा अन्य कसैको दस्तावेजबाट नक्कल गरि तयार गरिएको सोचपत्र र व्यावसायिक कार्ययोजनालाई मान्यता दिइने छैन ।

उम्मेदवारको लागि निर्धारित योग्यता तथा शर्तहरु

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा उल्लेख भएको न्यूनतम शैक्षिक योग्यता र सोको अतिरिक्त प्राधिकरणको कार्यकारी प्रमुख पदमा नियुक्तिको लागि दरखास्त दिने उम्मेदवारको देहायको योग्यता पुगेको हुनुपर्नेछः

(क) नेपाली नागरिक भएको,
(ख) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,
(ग) दरखास्त दिने अन्तिम मितिमा उमेर पैंतीस वर्ष पूरा भई पचपन्न वर्ष ननाघेको,
(घ) विपद् व्यवस्थापन वा सम्बन्धित क्षेत्रमा अधिकृतस्तर वा सोभन्दा माथिल्लो स्तरमा कम्तीमा दश वर्षको कार्य अनुभव भएको,
(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,
(च) कुनै राजनैतिक दल वा त्यस्ता राजनीतिक दल सम्वद्ध सङ्गठनको सदस्यता नलिएको,
(छ) कुनै पनि विदेशी मुलुकको स्थायी आवासीय अनुमति नलिएको,

(ज) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको वा बैङ्क तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको वा सरकारलाई बुझाउनुपर्ने कर, वक्यौता बाँकी नरहेको।

**उमेदवारले दरखास्तसाथ अनिवार्य रूपमा पेश गर्नुपर्ने कागजातहरु:**

(क) उम्मेदवार स्वयंबाट प्रमाणित नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति,

(ख) सोचपत्र, व्यवसायिक कार्ययोजना एवं दरखास्त दस्तुर तिरेको प्रमाण,

(ग) कार्यविधि बमोजिम शैक्षिक योग्यताका प्रमाणपत्र, अनुभव सम्बन्धी प्रमाणपत्र र विपद् जोखिम व्यवस्थापन सम्बन्धी विषयमा तालिम लिएको भए तत्सम्बन्धी प्रमाणपत्रहरुको छाँयाप्रति,

(घ) उम्मेदवार हाल कुनै संघ/संस्थामा कार्यरत रहेको भए विभागीय स्वीकृतिपत्रको सक्कलप्रति,

(ङ) सम्बन्धित उम्मेदवारको स्वप्रमाणित व्यक्तिगत विवरण,

(च) यस पदको लागि माथि उल्लेख गरिएबमोजिम **उम्मेदवारको लागि निर्धारित योग्यता तथा शर्तहरू** अन्तर्गतको बुँदा (ङ), (च), (छ) र (ज) अनुसारको उम्मेदवारद्वारा हस्ताक्षरित स्वघोषणापत्र ।

पुनश्चः

१. दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समयभित्र बुझाउनु पर्नेछ ।

२. स्वीकृत भएका दरखास्तहरु सम्बन्धी सूचना र त्यसपछिका प्रक्रियागत कार्यक्रमहरु गृह मन्त्रालयको वेबसाइट (http://www.moha.gov.np/) मा प्रकाशित गरिनेछ।

३. अन्तर्वार्ताका लागि छनौट गरिएका उम्मेदवारहरुले दरखास्तसाथ पेश गरेका प्रमाणपत्र तथा कागजातहरुको सक्कल प्रति व्यक्तिगत अन्तर्वार्ता पूर्व पेश गर्नु पर्नेछ।

४. कुनै उम्मेदवारले झुट्टा कागजात पेश गरेको फेला परेमा सिफारिस समितिले कुनै पनि चरणमा उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ।

५. यस सूचनाका सम्बन्धमा कुनै थप जानकारी आवश्यक परेमा गृह मन्त्रालय, निजामती कर्मचारी प्रशासन शाखा, सिंहदरबारमा सम्पर्क राख्न सकिनेछ (सम्पर्क नम्बर: ०१-४२११२४४/९८५११००५५९)।